स्थानीय 'ख' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष ११ , अंक १२, २०८१ असोज २२ मंगलवार (Jhuleni Post Weekly 8 Oct. 2024) पृष्ठ ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, विजुवार
Email : jhulenipyuthan@gmail.com

## लुम्बिनी सरकारले १२ जिल्लामा विपद्को ४० लाख निकासा प्यूठानलाइ ५ लाख



**झुलेनी पोष्ट**
प्यूठान

विपद्जन्य घटनामा राहत तथा पुनःस्थापनाका लागि लुम्बिनी प्रदेश सरकारले १२ जिल्लाका लागि ४० लाख रुपैयाँ निकासा गरेको छ। प्रदेश सरकारले उपलब्ध गराएको रकम विपद्मा परेका र पुनःस्थापनाको लागि जिल्ला प्रशासन कार्यालयले वितरण गर्नेगरि बजेट निकासा गरेको छ।

साउन, भदौ र असोज महिनाको १३ गते सम्मको विवरण अनुसार राहततर्फ ३४ लाख ७५ हजार र पुनःस्थापनातर्फ ५ लाख २५ हजार रुपैयाँ निकासा गरेको हो। आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव राजेन्द्रप्रसाद पन्थीका अनुसार राहततर्फमा सबैभन्दा धेरै दाङ जिल्लामा २३ लाख ३५ हजार, रोल्पा जिल्लामा ३ लाख ८० हजार, बर्दिया जिल्लामा २ लाख, रुपन्देहीमा एक लाख ३० हजार, कपिलवस्तु जिल्लामा ३० हजार रुपैयाँ राहत स्वरुप वितरण गरिएको छ । यस्तै, पुनःनिर्माणको लागि प्यूठान जिल्लामा पाँच लाख २५ हजार रुपैयाँ उपलब्ध गराइएको छ । प्यूठानका लागि आएको रकम आधिकारीक पत्र आए पछि वितरण गरिन प्रमुख जिल्ला अधिकारी रमा आचार्यले बताइन् ।

बाढी, पहिरो, आगलागि, चट्याङ् लगायतमा विपद् परेकालाई प्रहरीको मुचुल्का र जिल्ला प्रशासन कार्यालयको सिफारिसको आधारमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले राहत र पुर्नस्थापनाको लागि रकम उपलब्ध गराउँदै आएको उनले बताए ।आर्थिक वर्ष २०८१/०८२ को साउन एक गते देखि असोज १३ गते सम्म प्रदेशमा विपद्का ४ सय ६ घटना घटेका छन् । जसमा परेर ९५ जनाको मृत्यु भएको छ भने दुई सय ७ जना घाइते र १० जना बेपत्ता भएको विवरण छ । हाल सम्मको विपद्को घटनाले गर्दा पाँच करोड ११ लाख ९५ हजार पाँच सय रुपैयाँको क्षती भएको छ। व्यक्तिगत घरमा पूर्ण्क्षती ७५, आंशिक घरमा क्षतीमा दुई सय ९१ छन् । यो अवधिमा बाढीका ३०, पानीमा डुबेर ६०, अधिक वर्षा ६२, आगलागिका ५०, विषाक्त खाद्य सेवन १९, पहिरो २९, सर्पदंश ७८, जनावर आक्रमण १५ वटा घटना घटेका छन् । चट्याङका २२, तातो हावा लहरको एक, डुबानका ९, हावाहुरी एक र अन्य ३० गरी चार सय ६ वटा विपदका घटना घटिसकेको छ । बाढीमा परेर १०, पानीमा डुबेर ५१, आगलागिमा परेर एक जनाको मृत्यु भएको छ। यस्तै, विषाक्त खाद्य सेवनबाट २, पहिरोमा परेर ८, सर्पदंशबाट ९, जनावर आक्रमणबाट २ जनाको मृत्यु भएको छ । चट्याङमा परेर ६ जना, तातो हावा लहरबाट एक जना, अन्यबाट ५ जनाको मृत्यु भएको छ।

## दम्तीको सवस्टेशन सञ्चालनको तयारी

**बिबस जि.एम.**
प्यूठान

८ वर्षदेखि अलपत्र अवस्थामा रहेको प्युठानको दम्ती सवस्टेशनको कामले तीन महिनाभित्र पूर्णता पाउने विद्युत् प्राधिकरण प्यूठान वितरण केन्द्रले जनाएको छ।

सवस्टेशन निर्माणकाको क्रममा देखिएको प्राविधिक समस्याको समाधानका लागि पहल भइरहेको र छिटै निर्माण कार्य सम्पन्न हुने नेपाल विद्युत् प्राधिकरण प्यूठान वितरण केन्द्रका प्रमुख महेन्द्र कुमार दासले बताए।

८ वर्षदेखि सवस्टेशन नबन्दा जिल्लामा कुनै एक ठाउँमा समस्या हुँदा जिल्लाभरकै विद्युत् आपूर्तिमा समस्या हुँदै आएको छ। "अहिले त्यो सवस्टेशनको तेजस्वी इन गरेर त्यसलाई आउट गर्ने काम गरिरहेका छौ।" कार्यालय प्रमुख दासले भने-"त्यसबाट निस्कने लाइनमा समस्या छ, त्यसको लागि हामी गहन छलफलकै क्रममा छौ।"

सवस्टेशनको लागि बाग्दुला-विजुवार लगायतका स्थानमा जनघनत्व बढी भएका कारण विद्युतको लाइन जोड्न समस्या परेको उनको दासले बताए।

दुई देखि तीन महिनाको समयमा दम्तीको सवस्टेशन सञ्चालनमा आउने कार्यालय प्रमुख दासले दाबी गरेका छन् ।



दम्तीको सवस्टेशन नबन्दा मर्मत, बुट्यान काट्ने जस्ता कार्य गर्दा ठुलो क्षेत्रमा विद्युत् अवरुद्ध हुने समस्या छ। पटक/पटक लाइन जाँदा नागरिकले सास्ती खेपिरहेका छन् ।

लाईनमा फल्ट भए वा बिग्रिएको समयमा १ देखी २ घण्टासम्म मर्मतका लागि समय लाग्ने तर फल्ट नभएको खण्डमा १०/१५ मिनेटमा लाइन आउने प्रमुख दासले बताए।

अनियमित विद्युत् आपूर्तिका कारण अस्पताल, दुग्ध व्यवसाय, विद्युतीय मेसिन चलाउने क्षेत्रमा निरन्तर हैरानी खेप्नुपरेको छ । झ्याप्प झ्याप्प आउने जाने लाइनले अस्पतालमा ल्याब, एक्सरे, अप्रेसन गर्ने मेसिनमा असर पुग्ने गरेको जिल्ला अस्पताल विजुवार प्यूठानका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. राजेन्द्र पौडेलले बताए।

त्यस्तै, अनियमित विद्युतका कारण दूध, दही, बेकरी लगायत सामाग्री बिग्रेर समस्या भएको जुम्रीमा डेरी सञ्चालन गरिरहेका जीवन पौडेलले गुनासो गरे । बिजुवार भौकामा कम्प्युटर इन्स्टिच्युट चलाइरहेका मनिष सिं खत्रीले भोल्टेज कम आउँदा कम्प्युटर आफै बन्द हुने र छिट्टै तातिने समस्या खेपिरहेको बताए।

### हाम्रो नजर

## हराए गोरु,भित्रिए गाउँमै मिनिटिलर



परम्परागत रुपमा गोरुले खेतबारी जोत्ने प्रचलन हराउँदै गएको छ। सहरीक्षेत्रबाट कृषिमा यान्त्रीकरण ग्रामीण भेगमा समेत देखिन थालेको हो। केही वर्ष यता ग्रामीण क्षेत्रमा गोरुले जोत्ने प्रचलन हराएर मिनिटिलरले जोत्न थालिएको छ । गाउँमा गोरु देखिन छाडेका छन् । किसानहरूले गोरु पाल्न छाडेर गोरुको काम प्रविधिबाट गर्दै आएका छन् । पाखा भिराला बारीमा मकै, गहुँ, जौ तथा खेतमा तोरी तथा धान छर्नका लागि खेतबारी जोत्ने काम अहिले गोरुको ठाउँमा मिनीटिलर (हाते ट्र्याक्टर)बाट गर्न थालेका छन् । घरमा काम गर्ने मान्छे नहुँदा गोरु पाल्न छाडेर ३ वर्ष देखि हाते ट्र्याक्टरले बारी जोत्दै आएको सरुमारानी गाउँपालिका-५ राङवाङकी किसान तिलीसरा रानामगरले बताइन् । 'पहिले घरमा एकहल गोरु अनिवार्य हुन्थे, तर अहिले पाल्न छाडियो' रानाले भनिन्,' तीन वर्ष यता खेतबारीमा हातेट्र्याक्टरले जोत्नै आएकी छु, गाउँमा गोरु भन्दा ट्र्याक्टरले जोताउन छिटो र सहजै पाउन सकिन्छ।' प्रतिघण्टा ७ सय ५० भुक्तानी गर्ने गरी हातेट्र्याक्टरको प्रयोग गर्दै आएको उनले बताइन् ।

यस्तै ऐरावती गाउँपालिका-६ विजुलीका टेक बहादुर बस्नेतले गाउँमा एकआध घरमा बाहेक गोरु पाल्न छाडिएको बताए। करिव ८० घर रहेको गाउँमा ३/४ घरमा मात्र गोरु पालेको उले बताए। ' गोरु पाल्ने चलन हराएपछि, प्रविधिले समय र लागतमा कम गरेको छ' उनले भने,'गोरुले जोत्न नसक्ने ठाउँमा समेत जोत्ने, वर्षभरी पाल्नु नपर्ने हुँदा धेरै खर्च घटेको छ।' युवा जति विदेश र बुहारीहरु बच्चाका लागि गुणस्तरीय शिक्षा भन्दै सहर पस्ने चलनले गोरु पाल्ने जनशक्ति अभाव रहेको बस्नेतले बताए। 'चराउने र घाँस काट्न सक्ने मान्छे अभावमा गोरु पाल्ने चलन हराउँदै गयो' उनले भने।

गोरु बेसाएर जोत्न पर्दा महंगो गर्ने भएपछि किसाहरु ट्र्याक्टर खोज्न थालेका छन् । गोरुले जातेको जमिन भन्दा हाते ट्र्याक्टरले जोत्दा उव्जनी घटेको उनीहरुको अनुभव छ । उव्जनी घटेपनि खेतवारी जात्न गोरु पाउनै मुश्किल छ। गाउँका किसानले मकै भाचेर गहुँ र तोरी छर्ने तयारी गरिरहेका छन् । अन्न भित्र्याएपछि बाँझो बारी जोत्न मिनीटिलरको पालो कुरेका छन्। युवाशक्ति गाउँमा नहुँदा गोरु पालन र गोरुले खेतबारी जोत्ने प्रचलन हराएजस्तै भएको उनीहरुको भनाइ छ।

## जनहितमा जारी

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको ,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको ,
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले :

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि :**

- जलाधार क्षेत्रको संरक्षण गरौं ,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं ,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं ,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं ,
- द्रुत जल प्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं। दिगो विकासमा योगदान गरौं।

जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय ,प्यूठान

झुलेनी पोष्ट

सम्पादकीय....

## बडादशैंको हार्दिक शुभकामना !

हिन्दु नेपालीहरुको महान पर्व बडा दशैं संघारमै छ । घटस्थापनादेखि सुरु भएको यो पर्व आश्विन शुक्ल सप्तमीका दिनदेखि दशमीका दिनसम्म (फूलपाती, महाअष्टमी, महानवमी र विजयादशमी) लगातार चार दिन महापर्वकै रुपमा मनाईन्छ। नेपालमा मनाईने सबैभन्दा ठूलो राष्ट्रिय चाड दशैंको विजयादशमी मुख्य दिन हो ।

त्रेता युगमा श्रीरामले सीताको हरण गर्ने रावणको बध गरेको सम्झनामा यस चाडलाई मनाइन्छ । श्रीरामले दशैंको दिनमा रावणमाथि विजय हाँसिल गरेको भएर दशैलाई वडादशै एवम् विजयदशमीको नामले प्रचलनमा ल्याईएको किंवदन्ती छ । यो अवधिमै शक्तिकि देवी दुर्गाको पुजासमेत गरिन्छ। दशैंलाई असत्य माथि सत्यको बिजयको उत्सवका रुपमा हेरिन्छ । विजयादशमी भगवान रामको विजयको रुपमा मनाइयोस् अथवा दुर्गा पूजाको रुपमा, दुवै रुपमा सत्यको विजयको उल्लास र शक्ति-पूजाको पर्व हो ।

हिन्दु संस्कृती र सभ्यतासंग जोडिएको पर्व भएतापनि दशैं आज सबै नेपालीको साझा पर्व भएको छ । दशै मनाउनका लागि वर्षौंदेखि घरवाहिर रहेका नागरिक घर पुग्ने र उल्लासका साथ दशैं मनाउने प्रचलन छ। बहुजातिय, बहुभाषिक र बहुधार्मिक हाम्रो मुलुक बिभिन्न सभ्यता र संस्कृती, आपसि सद्भाव, मेलमिलाप र सहकार्यमा अडिग रहेको छ। त्यसकारण यो महान पर्वलाई साझा हर्सोल्लासका साथ मनाउनेतर्फ सवैको ध्यान पुग्नुपर्दछ ।

चाडपर्वकै समयमा महङ्गी, कालाबजारी र गुणस्तरहिन बस्तुको विक्रिबितरण हुने तथा निर्धारित मुल्यभन्दा महङ्गो शुल्क लिएर उपभोक्ता मारमा पार्नेसम्मका गतिविधिहरु हुन सक्नेतर्फ स्थानीय सरकार, स्थानीय प्रशासन र आम नागरिक सबै सचेत हुनु जरुरी छ । दैनिक उपभोग्य सामाग्री, यातायात र दशैंका अन्य सामाग्रीहरुमा हुनसक्ने कालोवजारी, महङ्गी तथा गुणस्तरहिन र म्याद गुज्रीएका बस्तु बिक्रि हुनेतर्फ सबै सचेत हुनुपर्छ भने स्थानीय प्रशासनले कडाईका साथ अनुगमन र नियन्त्रणमा ध्यान दिनुपर्दछ ।

आम नागरिक र उपभोक्ताको अधिकार संरक्षणमा स्थानीय सरकार र प्रशासनलाई घचघच्याईरहन हामि सवै चनाखो बन्नुपर्दछ । आपसि मेलमिलाप, सद्भाव र सहकार्यका साथ यो पर्व मनाउनुपर्दछ। अनावश्यक खर्चिलो, भड्किलो र स्वास्थ्यमा असर गर्नेगरी लापरवाहिपुर्ण खानपान तथा जुवातास र जाँडरक्सिजन्य कुलतलाई टाढा राख्दै आपसि मिलनको अवसरको रुपमा यो दशैंलाई मनाऔं ।सवैमा बडादशैंको हार्दिक शुभकामना !

# प्रकोपले ल्याउने खाद्य संकटमा जिम्मेवार को ?

यदि नेपालमा पनि देशव्यापी प्रकोप आउने र विदेशी सहयोग नहुने हो भने ठूलो खाद्य संकट आउने निश्चितप्रायः छ । तर यसको पूर्वतयारी गर्ने जिम्मेवार निकाय को भन्ने न त सरकारलाई थाहा छ न संसदलाई ।



दिपेश नेपाल

गाउँघरतिर पर्याप्त मूल त फुटेन तर जमिन फुटेर धुजा-धुजा बनायो । मनसुन सकिनै लाग्दा परेको रेकर्ड ब्रेक पानीले देशलाई तहसनहस बनायो । असोज ११ र १२ मा परेको मुसलधारे पानीसँगै विकसित बाढी र पहिरोले ठूलो धनजनको क्षति गरायो ।

प्रायःजसो सडकहरू क्षत-विक्षत भए, उपत्यकासँगको सबै सडक सम्पर्क टुट्यो । अहिले देश नै शोकमा छ र सरकारले पनि तीन दिन राष्ट्रिय शोकको घोषणा गरेको छ।

पछिल्लो समय नेपालमा मौसमजन्य अनपेक्षित घटनाहरू बढिरहेका छन् । यो वर्षको हिउँद, करिब तीन दशक यताकै सुख्खा भयो । औसत तापक्रमहरूले रेकर्ड ब्रेक गरे, वन डढेलोको प्रकोपमा पनि वृद्धि भयो, यही वर्ष सोलुखुम्बुको थामेमा हिमताल फुटेर गाउँ नै बगायो ।

कञ्चनपुरमा मुसलधारे पानी पऱ्यो । मनसुन सकिंदै गर्दा देशभरि आएको भारी वर्षाले बागमती प्रदेशमा धेरै ठूलो धनजनको क्षति गरायो भने अन्य क्षेत्रहरू पनि प्रभावित भए ।प्राकृतिक प्रकोपमा तत्काल देखिने आवासीय तथा यात्राजन्य संकटहरूको चर्चा-परिचर्चा धेरै हुन्छ तर यस्ता प्रकोपले ल्याउने सामाजिक र मानसिक संकटहरू तत्काल देखिने संकटभन्दा चरम र दीर्घकालीन हुन्छन् जसको उति चर्चा हुँदैन । यस्ता प्रकोपले निम्त्याउने खाद्य संकट र महामारीका संकटहरू झनै विकराल र असरदार हुने गर्दछन् । तर नेपालमा प्रकोपसँगै बढ्ने खाद्य संकट जस्तो संवेदनशील विषय हेर्ने जिम्मेवार निकाय कुन हो भनेर विपद् व्यवस्थापनका लागि बनाइएका ऐन र नियमावलीहरू आफैं बेखबर छन् ।

पछिल्लो बाढी र पहिरोको सूचना दिनको लागि प्रधानमन्त्रीले असोज १५ गते गरेको पत्रकार सम्मेलनमा सबैभन्दा बढी कृषि र पशुपन्छीमा ६ अर्बको क्षति भएको बताएका छन् ।

योसँगै विपद् पश्चात् हुनसक्ने अत्यावश्यक वस्तुको कृत्रिम अभाव, मूल्यवृद्धि र कालोबजारी रोक्ने पनि बताएका छन् तर यथार्थमा विपत्तिसँगै राजधानीमा तरकारीको मूल्य १५० प्रतिशतसम्मले वृद्धि भएको छ भने कतिपय क्षेत्रमा तरकारीको हाहाकार नै भएको छ । खाद्यान्नको पनि मूल्य वृद्धि भएका समाचार छिटपुट आइरहेका छन् ।

अक्सर प्राकृतिक विषमताको मुख्य चपेटामा सीमान्तकृत समुदाय, ज्यालादारी मजदुर, किसान र महिला पर्ने गर्दछन् । यो बाढीपहिरोले पनि उपत्यका वरपरका नदी किनारामा बस्ने सुकुम्वासी तथा श्रमिकलाई नै धेरै असर पाऱ्यो ।

प्राकृतिक प्रकोपको असरसँगै दैनिक अत्यावश्यक खाद्यान्नमा बढेको अस्वाभाविक मूल्य वृद्धिले यस्ता समुदाय दोहोरो चपेटामा परेका छन् ।

यस्ता समुदायका संकटमा थपिने महामारी, मिसावट भएको खाद्यान्न, विषाक्त तरकारी र मानसिक स्वास्थ्य जस्ता संकटहरूको त खासै लेखाजोखा हुँदैन ।

हरेक मानिसको दैनिकीसँग जोडिने खाद्य संकट र खाद्य स्वच्छताको विषयमा मौन रहने विपद् व्यवस्थापनका लागि बनाएका ऐनहरूको प्रभावकारितामा प्रश्न गर्ने प्रशस्तै ठाउँ रहेका छन् ।

नेपालको संविधानमा खाद्य स्वच्छता र खाद्य सुरक्षाको विषयमा कम्तीमा तीन वटा मौलिख हक आकर्षित हुन्छन् । खाद्य सम्बन्धी हक, उपभोक्ताको हक र स्वच्छ वातावरणको हकले प्रत्यक्ष रूपमा स्वच्छ खाद्यान्नको अनिवार्य उपलब्धतादेखि खाद्य सम्प्रभुतासम्मको वकालत गर्छन् ।

तर यथार्थमा हाम्रा जिम्मेवार निकायहरूले खाद्य संकट र उपलब्धता भन्दा माथि सोच्न सकेका छैनन्, खाद्य सम्प्रभुता र खाद्य स्वच्छता जस्ता शब्दको मात्रै रटान हो । जसले गर्दा नेपालमा खानाकै कारण नसर्ने दीर्घ रोग र सरुवा झाडापखाला तथा हैजाको प्रकोप व्यापक बढ्दै गइरहेको छ । स्वास्थ्य सेवाको पहुँच भएका क्षेत्रमा सरुवा रोगको उपचार र नियन्त्रण भएको भएतापनि नसर्ने दीर्घरोगको संकट घरघरमा पुगेको छ । यसरी बढिरहेको खाना सिर्जित संकटहरू हाम्रो देशमा पूर्ण बेवास्तामा परेका छन् । यसका कारणहरू देखिने केही उदाहरण छन् । पहिलो : २०७६ साल जेठ १० गतेको मन्त्रिपरिषद्को बैठकबाट भारत लगायतका तेस्रो मुलुकबाट नेपाल भित्रिने तरकारीको विषादी जाँच गर्ने निर्णय भयो । यसको कार्यान्वयन सोही सालको असार २ गतेदेखि गरियो । तर भारतीय दूतावासको चर्को दबाबका कारण यसको कार्यान्वयन हुन सकेन र कालान्तरमा मन्त्रिपरिषद्को सो निर्णय फिर्ता गरियो । हरेक मानिसको जनस्वास्थ्य र खाद्य सुरक्षासँग दैनिक प्रत्यक्ष सरोकार राख्ने यस्तो संवेदनशील विषय माथिको मजाक यसै सेलाएर गयो ।

दोस्रो : प्रायःजसो शहरी क्षेत्रहरूमा तरकारी र खाद्यान्न भण्डारण तथा बिक्री वितरण गर्ने ठाउँ खोला किनारामा या क्षयीकरणको जोखिममा रहेको स्थानहरूमा छन् । काठमाडौं उपत्यकाकै कुरा गर्ने हो भने प्रायः तरकारी तथा फलफूल बजारहरू खोला किनारछेउमा अवस्थित छन् ।

बल्खु, कुलेश्वर, भक्तपुर, बालाजु, टुकुचा तरकारी तथा फलफूल बजार सामान्य वर्षामा पनि बारम्बार डुबिरहेका छन् ।

दैनिक उपभोग हुने तरकारीको उपलब्धता र स्वच्छताको हिसाबले पनि यी क्षेत्र तरकारी तथा फलफूल बजारको लागि उपर्युक्त हैनन् । धेरै सुरक्षित सरकारी जमिनलाई थोरै मूल्यमा निजी क्षेत्रलाई भाडामा दिएर आम जनताको खाद्य सुरक्षासँग जोडिएका तरकारी तथा फलफूल बजारहरू नदी किनारामा खोल्नु र खोल्न दिनुले नै हाम्रा सरकारहरू खाद्य र खाद्यान्न सृजित संकटहरूलाई कुन तहसम्म उपेक्षा गर्छन् भन्ने स्पष्ट हुन्छ ।


विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गर्न भनेर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली २०७६ कार्यान्वयनमा छन् ।


यो सँगै दैवी प्रकोप (उद्धार) ऐन, २०३९, प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३ पनि प्राकृतिक प्रकोप र विपद् वरिपरि रहेका ऐन तथा नियमावली हुन् । तर यस्ता ऐन,


बाँकी ४ पेजमा...


## नियमित रूपमा आँखाको जाँच गराऔं

आँखा सम्बन्धी समस्या भएका आँखाका बिरामीहरूले बेलैमा आँखाको परीक्षण गराऔं। साथै सबैले समय समयमा आफ्नो आँखाको जाँच गराई आँखाको समस्याबाट बचौं ।





स्थानीय तहहरूसँगको सहकार्यमा ज्येष्ठ नागरिकहरूको निःशुल्क आँखा परीक्षण समेत गरिरहेकोले ज्येष्ठ नागरिकहरूले आफ्नो नागरिकताको फोटोकपी लिएर निःशुल्क रूपमा सेवा लिन नभुलौं। आँखा धमिलो देखिने र मोतीबिन्दु भएका बिरामीहरूले चेक जाँच गरेर विभिन्न समयमा हुने शिविरमा शल्यक्रिया सेवा पनि प्रदान गरिनेछ ।

लक्ष्मी मल्ल ठकुरी
प्रमुख

आँखा उपचार केन्द्र एवं प्रस्तावित नरेन्द्र गायत्री
आँखा अस्पताल बिजुवार, प्यूठान

# बिजुलीकोट



बिजुलीकोट ऐरावती गाउँपालिका वडा नम्बर ६ मा अवस्थित छ। यो मध्यकालीन एक राज्यको सामरिक महत्वका शस्त्रहरूको संग्रह र पूजा गर्ने कोत हो। त्यसैले यो प्यूठान जिल्लाकै ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको सम्पदा पनि हो।

नेपालको एकीकरण हुनुअघि यस कोट क्षेत्रमा दर्लामी मगरहरूको राज्य रहेको र उनीहरूलाई विस्थापित गरी खप्तड क्षेत्रबाट आएका नाघर थापाहरूले यहाँको शासनसत्ता हातमा लिएको जनश्रुति रहिआएको छ। यिनै मगर र थापा शासकहरूले यस बिजुलीकोटमा कोतघर स्थापना गरी पूजाआजा आरम्भ गरेको देखिन्छ। वि.सं. १९२० मा धनराज थापाको नाममा जारी भएको एक लालमोहरमा यस कोट क्षेत्रमा हुने पूजाआजामा मगर, थापा, चुदाली ब्राह्मण, बाजा बजाउने दमाई आदिको काम र जिम्मेवारी तोकिएको हुँदा यस कोतको ऐतिहासिकता यसभन्दा पनि पुरानो हो भन्ने स्पष्ट हुन्छ।

डाँडाको सर्वोच्च भागमा दुई पाखे छानो भएको र दुई तल्ले अग्लो स्थानीय घर शैलीको कोतघर रहेको छ। जिर्णोद्धारको क्रममा जस्ताको छानो प्रयोग भएको छ। भित्र करिब ८० धान खुडा, खुकुरी तथा तरबारहरू रहेका छन्। कोतघरको पूर्वतर्फ दसैंमा बलि चढाउन र पूजा गर्नको लागि स्थापना गरिएका काठका मौलोहरू रहेका छन्।

कोतको सम्पत्तिको रूपमा सुन र चाँदिका गहनाहरू पनि रहेका छन्। यी गहना हाल कोतका संरक्षकका जिम्मामा रहेको थाहा हुन आएको छ। यस कोतघरलाई चारैतिरबाट घेरेको पुरानो करिब पाँच फिट चौडा गढपर्खालको भग्नावशेष रहेको देखिन्छ।

यस कोटमा हरेक वर्ष चैते दसै र बडादसैंको अवसरमा विशेष पूजापाठ र मेला लाग्ने गर्दछ। यस अवसरमा यस कोतका हातहतियारहरूमा मगर पूजारीबाट विशेष पूजाआजा हुने गर्दछ। यहाँको पूजा विधि हनुमानढोका दरबार तथा गोरखा दरबारमा हुने पूजासँग समान रहेको विश्वास गरिन्छ।

दसैंको अवसरमा नवमीको दिनमा यहाँ ठूलो जात्रा लाग्ने गर्दछ। यस अवसरमा करिब २०० बोकाहरू र ८-१० वटा राँगाहरूको बलि चढाइन्छ।

परेवाहरू उडाइन्छ। कोतका हतियारहरूलाई वस्त्र तथा आभूषणले सिँगारेर कोतघरबाट बाहिर निकालिन्छ र नचाइन्छ। देवता नचाउने भनिने यही उत्सव हेर्न आसपासका बस्तीहरूबाट सयौंको संख्यामा मानिसहरू भेला हुने गर्दछन्।


भाषा सिकौं
कोरिया तथा जापान जाऔं
● नेपालका सर्वोउत्कृस्टक प्रशिक्षकद्धारा कोरियन तथा जापानिज भाषा प्रशिक्षण गराइने ,
● एकपटक भर्ना भएपछि इज्जामको डेटसम्म पढ्न मील्ने ,
● सम्पुर्ण बुक मिनीङ बुक र पिडिएफ पाइल उपलब्ध गराईने ,
बिजुवार भौकाको लागि सम्पर्क
९८६९१३८०७९
बाग्दुलाको लागि सम्पर्क
९८५७०७९८६०
द बेस्ट एजुकेशन फाउन्डेशन
प्यूठान न.पा.८ बाग्दुला प्यूठान

जनहितमा जारी सन्देश
● फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि सावुन पानीले हात धुने बानी बसालौं।
● व्यक्तिगत सरसफाईमा ध्यान दिऔं। घर भित्र र घर वरपर नियमित सरसफाई गरौं।
● दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं।
● कुहिने र नकुहिने फोहोर वर्गीकरण गरौं,र दुई छुट्टाछुट्टै भाँडामा संकलन गरौं।
● सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं।
अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

मल्लरानी ट्रेडर्स एण्ड सप्लायर्स
प्रो. बिपिन श्रेष्ठ
राम के सी
प्यूठान न.पा ४ जाल्पादेवी रोड जुम्री, प्यूठान
९८५७८३३७६२
९८४७८७४५२४
हामी कहाँ सिमेन्ट, सरिया, ईटा, जस्ता पाता तथा हार्डवेयर सम्वन्धी सम्पुर्ण सामानहरु पाउनुका साथै घर निर्माणका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ।


# दसैँपछि काठमाण्डौ फर्कन २० प्रतिशत छुटमा स्वर्गद्वारीको टिकट बुकिङ खुला

झुलेनी पोष्ट
प्यूठान

स्वर्गद्वारी गौमुखी यातायात प्रा.लि. ले प्युठानबाट काठमाण्डौ फर्कने यात्रुका लागि टिकट अग्रिम बुकिङ खुला गरेको छ। छठसम्म काठमाण्डौ जाने यात्रुलाई तोकिएको भाडादारमा २० प्रतिशत छुट सहित टिकट बुकिङ खुला गरिएको प्रा.लि. का अध्यक्ष चन्द्रमान श्रेष्ठले बताए।

दसैँमा काठमाण्डौबाट प्यूठान आउँदा अतिरिक्त गाडीहरूमा २० प्रतिशत बढी भाडा लिएको समितिले फर्कँदा सबै यात्रुलाई २० प्रतिशत छुट दिने भएको हो। आइतबार जिल्ला प्रशासन कार्यालय प्युठानमा बसेको सर्वपक्षीय बैठकले तोकिएकै दरमा सेवा दिनुपर्ने र बढी लिएको रकम फिर्ता गर्नुपर्ने निर्णय गरेको थियो।

आउँदा अतिरिक्त शुल्क तिरेका यात्रुको रकम फर्कँदा छुट दिएर मिलान गर्न यातायात व्यवसायी कम्पनीले यस्तो निर्णय गरेको अध्यक्ष श्रेष्ठले बताए।

सोमबार आयोजित पत्रकार भेटघाटमा श्रेष्ठले भने 'दुई हजार यात्रुलाई लाइन लाएर रकम फिर्ता गर्नुभन्दा फर्कदा सोहि बराबर छुट दिएपछि हामिलाइ ब्यवस्थापनमा पनि सहज हुने र अन्य यात्रुलाई पनि फाईदा पुग्ने भएकाले यस्तो निर्णय गरेका हौँ। अनलाईन बुकिङमा अब फर्कने सबैले छुट पाउँनुहुन्छ।'

सर्वपक्षीय बैठकको निर्णय अनुसार २० प्रतिशत महँगो शुल्क तिरेका २ हजार यात्रुलाई रकम फिर्ता गर्नुपर्ने भए पनि अब काठमाण्डौ फर्कने सबै यात्रुलाई २० प्रतिशत छुट दिइने उनले बताए।

अतिरिक्त शुल्कमा टिकट काटेर प्यूठान आएका र छठसम्म काठमाण्डौ नफर्किने यात्रुको रकम छठपछि फिर्ता गरिने श्रेष्ठले बताए। श्रेष्ठका अनुसार स्वर्गद्वारी गौमुखि यातायात प्रालि मार्फत दसैँमा प्यूठान आउन दुई हजार यात्रुले अतिरिक्त गाडीमा महँगो शुल्क तिरेर टिकट काटेका छन् भने, १ हजार ४० जनाले नियमित गाडीहरूमा तोकिएकै भाडादारमा टिकट काटेका छन्। दशैपछि काठमाण्डौ जानेका लागि सोमवार रातिदेखि खुल्ला गरिने अग्रिम बुकिङमा असोज २७ देखि कार्तिक २२ गतेसम्मको टिकट छुटसहित काट्न सकिने प्रालि का प्रबन्धक कुमार श्रेष्ठले बताए। अनलाइनबाटै टिकट बुकिङ गर्न सकिने हुनाले काउन्टरसम्म पुग्न नपर्ने श्रेष्ठले बताए।

## प्रकोप.......

नियमावलीहरूमा विपत्तिसँगै आउने खाद्य सुरक्षा र जोखिमको बारेमा कहींकतै उल्लेख छैन।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले व्यवस्था गरेको कार्यकारी समितिमा गृह, शहरी विकास, स्वास्थ्य, संघीय मामिला तथा स्थानीय विकास मन्त्री रहने व्यवस्था गर्दा कृषि मन्त्रालयबारे कुनै व्यवस्था नहुनुले पनि हाम्रो सरकार तथा संसद् नै विपत्ले ल्याउने खाद्य संकटबारे सामान्य सचेतसम्म नभएको प्रष्ट देखाउँछ। नेपालले १९९० सालपछि धेरै सामना गरेका विपद्हरूको मुख्य प्रभाव क्षेत्रीय रहेको छ। त्यसमाथि नेपालीहरूको सामूहिकता, विदेशमा काम तथा बसोबास गर्ने नेपालीहरू खुला हृदय र कहींकतै राजनैतिक दलहरूको सक्रियतामा राहत स्वरुप खाद्यान्न वितरण, छिमेकी र आफन्तको आश्रय तथा सहयोगको कारण त्यस्तो विपत्तिसँगै ठूलो रूपमा खाद्य संकटहरू देखिएको छैन तर अवस्था सधैं एकनासको हुँदैन।

यदि साझा ठूलो विपत्ति एकैपटक आउने हो भने नेपालमा विपत्तिले भन्दा भोकमरी तथा महामारीले ठूलो क्षति गर्न सक्ने कुरालाई नजरअन्दाज गर्न मिल्दैन।

खाद्य र कृषि संगठन (एफएओ) ले सन् २०२३ मा प्रकाशित गरेको एक रिपोर्ट अनुसार पछिल्लो २० वर्षमा कृषिमा खाद्य संकट पार्ने गरी हुने प्रकोप चार गुणाले बढेको बताएको छ। जसको कारण अर्बौं मानिस खाद्य संकटमा परेको उक्त रिपोर्टमा उल्लेख गरिएको छ। यदि नेपालमा पनि देशव्यापी प्रकोप आउने र विदेशी सहयोग नहुने हो भने ठूलो खाद्य संकट आउने निश्चितप्रायः छ। तर यसको पूर्वतयारी गर्ने जिम्मेवार निकाय को भन्ने न त सरकारलाई थाहा छ न संसद्लाई।वास्तवमा भन्ने हो भने नेपाल खाद्य सुरक्षाको हिसाबले एकदमै चिन्ताजनक अवस्थामा छ। बढिरहेको प्राकृतिक प्रकोपले यो चिन्ता झनै बढाएको छ। सामान्य अवस्थामा पनि करिब ५० लाख नेपालीले राम्रोसँग खान नपाएको अवस्था छ।स्वस्थ खाना कतिले खान्छन् भन्ने कुराको त तथ्यांकसम्म छैन। एकातर्फ उत्पादन उल्लेखनीय रूपमा वृद्धि हुनसकेको छैन भने अर्कोतर्फ एकल र व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने नाममा हरेक खाद्यान्नमा परनिर्भरता बढिरहेको छ।नेपालले अघिल्लो आर्थिक वर्षमा मात्रै करिब २४१.२६ अर्बको कृषि उपज आयात गरेको छ, जुन नेपालको कृषि क्षेत्रको बजेटको चार गुणा हो। पछिल्लो वर्षमा एकातर्फ ४५.७९ अर्बको खाद्यान्न बाली आयात भएको छ भने अर्कोतर्फ सोही आर्थिक वर्षमा प्राथमिक उत्पादनमा कुल गार्हस्थ्यको ४ प्रतिशत भन्दा कम लगानी भएको तथ्याङ्क सार्वजनिक भएको छ। यस्तो अवस्थामा रहेको राष्ट्रले बढिरहेका प्रकोपसँगै आउने खाद्य संकटलाई नजरअन्दाज गर्नु सबैभन्दा दुःखद् छ।

यसो भन्दैमा यो संकट टार्नै नसकिने भन्ने चाहिं हैन। हामीसँग यस्ता संकटसँग जुध्ने तयारी गर्न पर्याप्त आधारहरू छन्। जसका लागि सबैभन्दा पहिले संकट निराकरण र व्यवस्थापनका लागि बनाइएका ऐन तथा नियमावलीलाई संविधानको मर्म अनुसार संशोधन गर्न अत्यावश्यक छ। यो सँगै खाद्य प्रणालीको स्थानीयकरण गर्न संविधानले स्थानीय तहलाई दिएको अधिकारको पूर्ण कार्यान्वयन गर्न पनि उत्तिकै आवश्यक छ। खाद्यान्नमा परनिर्भरता बढ्नुमा उत्पादन मात्र जिम्मेवार छैन, त्यसैले हामीले आफ्नो उपभोग प्रणालीलाई पनि परिवर्तन गर्न आवश्यक छ।

हामीसँग तीनै वटा तहहरूमा प्राकृतिक प्रकोपको पूर्वतयारी र व्यवस्थापन गर्ने संरचनाहरूको व्यवस्था छ, ती संरचनाहरूमा खाद्य संकटलाई हेर्ने संरचनाको व्यवस्था गर्ने हो मात्रै भने पनि संकटको बेला घच्घचाउने र जवाफदेही खोज्ने बाटो रहन्छ।

हामीकहाँ प्राथमिक उत्पादनका क्षेत्रहरूको विकासको आवश्यकता बोध गर्न सरकार र सरोकारवाला सबै लाग्न आवश्यक छ। कम्तीमा कृषिका लागि आधारभूत स्रोत जस्तै बीउ र मलको घर-घरमा संरक्षण र व्यवस्थापन गर्ने प्रणालीको विकास मात्रै गर्ने हो भने पनि यस्तो संकटलाई पर धकेल्न सकिन्छ।

सरकार, सरोकारवाला र नागरिकले कम्तीमा विविध प्रकोपले हुने क्षतिसँगै खाद्य संकट आउन सक्ने अवस्थालाई नजरअन्दाज मात्रै नगरे पनि संकटको लागि केही तयारीहरू हुन्छन्। यसर्थ, ढिलो नहुँदै प्राकृतिक प्रकोपसँगै आउने खाद्य संकटको पूर्वतयारीमा सबै मिलेर जुटौं नत्र संकट आउँदा पश्चात्ताप गर्नु बाहेकको विकल्प हामीसँग रहँदैन। लेखक पर्यावरणीय कृषिको अनुसन्धानकर्ता हुन्। अनलाइनखवरबाट

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, ग्राहक वर्ग, व्यवसायीमा सुख, शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

९८४९१८६११७ पदम न्यौपाने प्रो.

हामी कहा कम्प्युटर, ल्यापटप, प्रिन्टर, सिसि क्यामेरा विक्री तथा मर्मत गरिन्छ। अनलाइन फाराम, विद्युतीय सामाग्री समेत विक्री, मर्मतको सुविधा रहेको छ।

इन्टेक डिजिटल कम्प्युटर एण्ड सप्लायर्स, बिजुवार संगमटोल, प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध

चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं।
चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं।
संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पंक्षको संरक्षण गरौं।
सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं।
चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं।

अनुरोधक :
सरुमारानी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, बड्डाँडा, प्यूठान

## स्वास्थ्य कार्यालय प्यूठानको झाडापखालासम्बन्धी सन्देश

हाल प्यूठान जिल्लाका केहि स्थानहरुमा झाडापखाला रोग लागेका ; हैजाको चिन्ह तथा लक्षण भएका बिरामीहरु देखा परेको र २ जनामा हैजाको संक्रमण पुष्टी भईसकेको हुदाँ सबैले साबधानी अपनाउनुहुन अनुरोध छ।

हैजा "भिब्रियो कोलेरा" नामक जिबाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखाला सम्बन्धी रोग हो। यो रोग संक्रमित ब्यक्तिको दिसाको माध्यमबाट बाहिरी बातावराणमा पुग्दछ र स्वस्थ मानिसमा दुषित खाना वा पानीको माध्यमबाट सर्दछ। गर्मी तथा बर्षायाम सुरु भएसँगै झाडापखाला , हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन जरुरी छ।

पखालाको जोखिममा कुन समुह बढि पर्दछन् ?
- स्तनपान नगराइ बोतलको दुध खुवाइएका बच्चाहरु।
- कुपोषित बालबालिका ,दुषित खाना र पानी सेवन गरिरहेका व्यक्तिहरु ।
- ब्यक्तिगत सरसफाईमा ध्यान नदिएका व्यक्तिहरु ,खोप नपाएका बच्चाहरु।
- घर बाहिर बढि हिड्डुल गर्ने , बाहिर खाना खाने व्यक्तिहरु।

**हैजाका लक्षणहरुः**
-पातलो चौलानी पानी जस्तो दिसा हुने।
-वाकवाकी लाग्ने र बान्ता हुने ,कडा किसिमको जलवियोजन हुने।
- पेट दुख्ने ,ज्वरो आउने ,असाध्यै तिर्खा लाग्ने।

हैजाबाट बच्ने उपायहरु :
-खुला ठाउँमा दिसा /पिसाब नगर्ने , चर्पिमा माात्र दिसा पिसाब गर्ने।
-दिसा पिसाब गरिसकेपछी साबुनपानीले अनिवार्य मिचिमिचि हात धुने।
-खाना बनाउनु , खुवाउनु र खानु अघि साबुन पानीले मिचिमिची हात धुने।
-पानी उमालेर , सोडीस गरेर , फिल्टर गरेर वा पानीमा क्लोरीन झोल मिलायर मात्र पिउने।
- बासी , सडेगलेको , काँचो र झिङ्गा बसेको खानेकुराहरु नखाने।
-खानेपानीको मुहान सफा र सुरक्षित राख्ने र बेलाबेलामा पानीको जाँच गराउने।
-बर्षायाममा बाहिर बाहिर वा जंगलमा जाँदा घरैबाट शुद्ध पानी बोकेर जाने, खोलाको पानी नपिउने।

**घरेलु उपाय :**
- झाडापखाला हुँदा शरिरबाट धेरै पानी खेर जाने हुँदा जलबियोजन भएर मृत्यु पनि हुन सक्ने भएकाले झाडापखाला हुन साथ १ लिटर सफा पानीमा १ पुरिया जीबनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने।
-प्रशस्त मात्रामा सफा झोल खानेकुराहरु पटक पटक दिने।
-नरम तथा सजिलै पच्ने खानेकुराहरु पटक पटक खुवाईरहने।
- स्वास्थ्यकर्मीले सिफारीस गरे अनुसार जिङ्क चक्की नबिराईकन खुवाउने।
-व्यक्तिगत सरसफाईमा ध्यान दिने , र स्वच्छ पानी तथा खाना खाने।

थप जानकारीको लागि नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने वा महिला सामुदायिक स्वंयम् सेविकासंग सल्लाह लिने।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

# लायन्सका निवर्तमान गर्भनर मुकुट ढकालद्धारा एक करोडको चेक प्यूठान अस्पताललाई हस्तान्तरण

झुलेनी पोष्ट
प्यूठान

डायलाइशिस मेसिन खरिदको लागि जिल्ला अस्पताल प्यूठानलाई एक करोड बढि रकम प्राप्त भएको छ । लायन्स क्लब आफ प्यूठानले शनिबार जुम्रीमा आयोजना गरेको एक कार्यक्रमका विच लायन्स क्लब आफ ईन्टरनेश्नलका निवर्तमान गर्भनर मुकुट ढकालले एक करोड ३० लाख २७ हजार पाँच सय ५७ रुपैयाँ पैसाको चेक जिल्ला अस्पताल विजुवारलाई हस्तान्तरण गरेका हुन् ।

चेक हस्तान्तरण कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहेको जिल्ला समन्वय समिति प्यूठानका प्रमुख धरम बहादुर जि.सीले डायलाइशिस खरिदको लागि रकम प्राप्त भएकोमा खुसी व्यक्त गर्दै धेरै संघर्ष गरेको बताए । सामान समयमा खरिद हुनुपर्ने अवस्थामा स्थानीय सरकारले प्रतिवद्धता गरेअनुसार रकम समयमा प्राप्त हुन नसक्दा ढिलो हुन पुगको प्रमुख जि.सीको भनाई थियो । सुरुवाती चरणमा खरिदको लागि रकम प्राप्त भएको र अझ धेरै कामहरु बाकी रहेकाले डायलाशिस सेवा सञ्चालनमा केही समय लाग्ने भन्दै नआत्तिन पनि आग्रह गरेका छन् । साथै जुनकुनै काम गर्दा पनि कसै न कसैबाट भनाइ सुन्नुपर्ने अवस्था हुन सक्ने भन्दै यसलाई सामान्य रुपमा लिएर अघि बढ्नुपर्ने उनको भनाई थियो ।

लायन्स क्लब अफ इन्टरनेश्नलका निवर्तमान गर्भनर मुकुट ढकालले झन्डै डेढ बर्ष अघि कल्पना गरेको कामले अहिले आएर सार्थकता पाएको बताए । डायलाइशिस मेसिन खरिद पश्चात प्यूठान जिल्ला सहित रोल्पा, अर्घाखाँची, गुल्मी लगायतका छिमेकी जिल्लाका विरामीहरुले लिने सेवामा सहज हुने उनको विश्वास छ । खरिद कमिटी गठन गरिसकेको भन्दै टेन्डर आव्हानको काम चलिरहेको जानकारी समेत गराएका छन् । यस क्लबलाई जिवन्त राख्नको लागि डायलाशिस मेसिनको नियमित रुपमा निगरानी गरिरहन पनि लायन्स क्लब अफ प्यूठानलाई आग्रह गरेका छन् । साथै लायन्स क्लब अफ इन्टरनेश्नलले लायन्स बर्ष २०२३/०२४ एक बर्षको अवधिमा आठ करोडको प्रोजेक्टहरु भित्र्याउन सफल भएको बताए । पहिलो प्रोजेक्टको रुपमा रहेको लायन्स क्लब अफ प्यूठान उत्कृष्ट हुँदै अहिले डायलाशिस खरिदको काम निरन्तर रुपमा अघि बढेको पनि बताए ।डायलाइशिस परियोजनाका प्रमुख नविन कुमार श्रेष्ठको अध्यक्षतामा कार्यक्रम भएको थियो ।कार्यक्रममा प्यूठान अस्पताल विकास समितिका अध्यक्ष बिजय विराज विष्ट, लायन्स क्लब अफ प्यूठानका चियर पर्सन अर्जुन कुमार कक्षपति, प्यूठान अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट गोविन्द रावत, २ नम्बर एरिया चिफ झबिन्द्र शर्मा लगायतले मन्तव्य राखेका थिए ।

हार्दिक मंगलमय शुभकामना
विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, कर्मचारी, शेयर सदस्य, सहकारी अभियन्ता, किसान, व्यवसायी लगायत प्यूठानबासीमा सुख, शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बचत गर्ने बानी बसालौं ।
ऋण उत्पादनमूलक क्षेत्रमा लगानी गरौं ।
प्रकाश वैद्य
व्यवस्थापक
नेत्रमणी आचार्य
अध्यक्ष
विजय फुलवारी बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रीय कार्यालय, जुम्री प्यूठान

हार्दिक मंगलमय शुभकामना
विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा आमाबुबा, दाजुभाई, दिदिबहिनी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सुरक्षार्की, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, एवम् सम्पूर्ण नेपालीजनमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
- उद्योगी, व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने बस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य बस्तुको आवश्यकता अनुसारका तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना इजाजत सुर्तिजन्य मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
मनि बहादुर गुरुङ
कार्यालय प्रमुख
घरेलु तथा साना उद्योग कार्यालय
खंलगा, प्युठान

हार्दिक मंगलमय शुभकामना
विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, कर्मचारी, शेयर सदस्य, सहकारी अभियन्ता, किसान, व्यवसायी लगायत प्यूठानबासीमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बचत गर्ने बानी बसालौं ।
दिपक गौतम
व्यवस्थापक
बिष्णु पाण्डे
अध्यक्ष
नागवेली बहुउद्देश्यीय कृषि सहकारी संस्था लि.
प्यूठान न.पा.-३ रातामाटा, प्यूठान

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, विमाको सम्पूर्ण शाखामा कार्यरत कर्मचारी, बिमित, अभिकर्ता लगायतमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शान्ता घिताल
शाखा प्रवन्धक
Reliable Life INSURANCE LTD.
०८६-४१०२४४, ९८५७०६३६६५, ९८४७८५३३९५
रिलायवल नेपाल लाइफ इन्स्योरेन्स, शाखा कार्यालय, बाग्दुला प्यूठान

हार्दिक मंगलमय शुभकामना
विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा आमाबुबा, दाजुभाई, दिदिबहिनी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सुरक्षार्की, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, एवम् सम्पूर्ण नेपालीजनमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पंक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।
भोज बहादुर भण्डारी
जिल्ला समन्वय अधिकारी
दुर्गा रेग्मी
प्रमुख
धरम बहादुर जि.सी
प्रमुख
जिल्ला समन्वय समितिको कार्यालय
खंलगा, प्युठान

हार्दिक अनुरोध
जथाभावी रुपमा गरिने वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :
- खाली ठाउँमा वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारामा, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
अनुरोधक :
डिभिजन वन कार्यालय,प्यूठान

## हार्दिक मंगलमय शुभकामना




विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, समाजसेवी, राजनीतिकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी स्वास्थ्यकर्मी लगायत प्यूठान नगरपालिका-२ बासीमा सुख, शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्ना सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।

कमला आचार्य
**वडा सचिव**

मोहनसिंह विष्ट
**वडा अध्यक्ष**

**प्यूठान नगरपालिका वडा नं. २ को कार्यालय**
**चिदिखोला, प्यूठान**

## हार्दिक मंगलमय शुभकामना




विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, समाजसेवी, राजनीतिकर्मी, कर्मचारी, स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका, शिक्षक, पत्रकार लगायत समस्त नेपालीजनमा सुख, शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं ।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

**मिन बहादुर बस्नेत**
**लेखा अधिकृत**

**मधुसूधन खड्का**
**निमित्त कार्यालय प्रमुख**

**स्वास्थ्य कार्यालय, बिजुवार प्यूठान**

## हार्दिक मंगलमय शुभकामना




विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, समाजसेवी, राजनीतिकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी लगायत समस्त नेपालीमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

तपाईंको गाउँठाउँमा रहेका खानेपानी आयोजना संरक्षण गर्ने दायित्व तपाईंकै हो । अहिले एक घर एक धारा कार्यक्रम सञ्चालन भइरहेको छ । गाउँठाउँमा बनेका खानेपानीका ट्याङ्की र धाराहरुको निग्रानी गर्ने गरौं । कहीं कतै दुरुपयोग, अनियमिता तथा खानेपानी आयोजनाहरुमा क्षति पुर्‍याएको पाइएमा तत्काल स्थानीय खानेपानी तथा सरसफाई उपभोक्ता समिति र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्यूठानलाई खवर गरौं ।

राज किशोर मण्डल
**कार्यालय प्रमुख**

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**पूण्यखोला, प्यूठान**

## हार्दिक मंगलमय शुभकामना




विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, समाजसेवी, राजनीतिकर्मी, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, पत्रकार एवम् समस्त नेपालीजनमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पंक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

**नारायण प्रसाद भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

**देबेन्द्र बर्मा**
**उप-प्रमुख**

**विष्णु बहादुर योगी**
**प्रमुख**

**प्यूठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान**

## हार्दिक मंगलमय शुभकामना




विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, समाजसेवी, राजनीतिकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, किसान लगायत समग्रमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

१) कृषि तथा पशुविमा गरी व्यवसायिक जोखिमलाई कम गरौं ।
२) कृतिम गर्भाधान गरी पशुको नस्ल सुधार गर्दै आयआर्जनमा बृद्धि गरौं ।

**उमेश चन्द्र श्रेष्ठ**
**कार्यालय प्रमुख**

**एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय**
**खलंगा, प्यूठान**

## हार्दिक मंगलमय शुभकामना




विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, समाजसेवी, राजनीतिकर्मी, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, निर्माण व्यवसायी, पत्रकार लगायत समग्रमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

१) सडक अतिक्रमण नगरौं, जिम्मवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घरटहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फाहोर नगारौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डा नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेका दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुन्छ ।

**सुनिल बहादुर नेपाली**
**बरिष्ठ लेखा अधिकृत**

**चन्द्र बहादुर शाह**
**निमित्त कार्यालय प्रमुख**

**सडक पूर्वाधार विकास कार्यालय**
**खंलगा, प्युठान**

## हार्दिक मंगलमय शुभकामना



नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, यातायात व्यवसायी, यात्रु, ,चालक, सहसाचलक लगायतमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



सहज यात्राका लागि **नमस्ते प्युठान यातायात पा.लि** सदैव साथमा छ ।

**दिल बहादुर दसौती**
सचिव

**मुकेश थापा**
महासचिव

**लिलाप सिंह के.सी.**
अध्यक्ष

एवं

**नमस्ते प्युठान यातायात पा.लि**
**केन्द्रीय कार्यालय, बाग्दुला, प्यूठान**

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, विमाको सम्पूर्ण शाखामा कार्यरत कर्मचारी, बिमित, अभिकर्ता लगायतमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्रीधर के.सी.**
**शाखा प्रवन्धक**

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

**हिमालयन लाइफ इन्स्योरेन्स, शाखा कार्यालय, बाग्दुला प्यूठान**

## हार्दिक मंगलमय शुभकामना



विजयादशमी, शुभदिपावली, नेपाल सम्बत र छठको पावन अवसरमा राष्ट्रप्रेमी, समाजसेवी, राजनीतिकर्मी, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, पत्रकार एवम् मल्लरानी बासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पंक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

**गिर बहादुर सेजुवाल**
**प्रमुख प्रशासकीय अधिकृत**

**रमेश कुमार श्रेष्ठ**
**उपाध्यक्ष**

**कृष्ण बहादुर खड्का**
**अध्यक्ष**

**मल्लरानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय खंलगा, प्युठान**


## प्राईभेट तथा साझेदारी फर्म दर्ता, नविकरण र खारेजी सम्बन्धी अत्यन्त जरुरी सूचना

लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा १२ अनुसार, प्राईभेट तथा साझेदारी फर्मको दर्ता, नविकरण र खारेजी सम्बन्धी देहाय बमोजिम विशेष व्यवस्था रहेको हुँदा यस कार्यालयमा दर्ता रहेका जिल्ला स्थित सम्पूर्ण उद्यमी/व्यवसायीहरु तथा सम्बन्धीत सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

विशेष व्यवस्थाः आर्थिक ऐन, २०८१ दफा १२

१. आ.व. २०७८/७९ सम्म वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरी संचालनमा रहेका वा दर्ता भई संचालनमा नरहेका प्राईभेट तथा साझेदारी फर्मले संवत २०८१ साल चैत्र मसान्तभित्र विवरण सहित नविकरण बा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाने नविकरण शुल्क र जरिवाना रकमको पाँच प्रतिशत (५%) ले हुन आउने रकम दाखिला गरेमा बाँकी शुल्क वा जरिवाना मिनाहा गरी नविकरण वा दर्ता खारेज गरिनेछ ।

२. आ.व. २०८१/०८२ मा लघु, घरेलु तथा साना उद्योगलाई दर्ता गर्दा प्रचलित व्यवस्था अनुसार लाग्ने अन्तिम दर्ता शुल्कको ५० प्रतिशत छुट दिई दर्ता गरिनेछ ।

पुनश्चःआवश्यक कागजात दर्ता प्रमाण पत्रको सक्कल प्रति र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**खलंगा, प्यूठान**


# लक्ष्मी ट्रेडर्स

**प्यूठान न.पा ४ जूम्री प्यूठान**

सम्पर्क :
०८६-४६०६४१
९८५७८२०६८२
९८४४१०९६७०

**प्रो. बद्री श्रेष्ठ**



हामी कहाँ सिमेन्ट, सरिया, इटा, जि आइ, पि बीसी, एच जि पी, पाइप, पाइप फिटिङ्ग, कर्कट पाता, ट्वाइलेट तथा बाथरुम फिटिङ्ग, पानी टंकी रंग रोगन र प्लास्टिक पेन्ट पनि पाइन्छ ।

## गाउँपालिकाबासीलाई अनुरोध

चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।

चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।

संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पंक्षको संरक्षण गरौं ।

सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।

चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

अनुरोधक :
**नौबहिनी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय बाहाने, प्यूठान**

# झुलेनी पोष्ट 'क' वर्गमा

**झुलेनी पोष्ट**
प्यूठान

झुलेनी पोष्ट साप्ताहिक 'क' वर्गमा वर्गीकृत भएको छ । प्रेस काउन्सिल नेपालले गरेको वर्गीकरणमा २०७८/०७९ को नतिजामा स्थानीय 'क' वर्गमा वर्गीकरण भएको हो । आइतबार वर्गीकरणको अन्तिम नतिजा सार्वजनिक गर्दै काउन्सिलले ९ सय पत्रपत्रिकाले आवेदन दिएकोमा ८ सय ७५ पत्रपत्रिकाहरू वर्गीकरणमा समावेश भएको जनाएको छ ।

देशभरबाट 'क' वर्गमा २ सय ९२, 'ख' वर्गमा ४ सय ३२ 'ग' वर्गमा १ सय ३७ र 'घ' वर्गमा १४ वटा पत्रिका वर्गीकृत भएका छन् ।

काउन्सिलले १ सय ३५ पत्रिकालाई राष्ट्रिय स्तरमा, १ सय ६३ पत्रिकालाई प्रदेश स्तरमा र ५ सय ७७ पत्रिकालाई स्थानीय स्तरमा वर्गीकृत गरेको छ ।उक्त आर्थिक वर्षमा २ सय दैनिक, २ अर्धसाप्ताहिक, ५ सय १० साप्ताहिक, १३ पाक्षिक, ६९ मासिक, ५ वटा द्वैमासिक, ८ वटा मासिक, ५६ साहि(त्यिक र १२ वटा भाषाभाषी पत्रिकालाई




वर्गीकरणमा समावेश गरेको काउन्सिलले जनाएको छ ।

## हार्दिक मंगलमय शुभकामना



विजयादशमी, शुभदिपावली, नेपालसम्वत, छठ २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली जनसमुदायमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



*चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं, जुवातास नखेलौं र मद्यपान नगरौं, धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं, आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।*

**रमा आचार्य (सुवेदी)**
**प्रमुख जिल्ला अधिकारी**
**जिल्ला प्रशासन कार्यालय, खलंगा प्यूठान**

## झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा प्रकाशित

झुलेनी पोष्ट साप्ताहिक पत्रिकामा समाचार, सूचना, विज्ञापन, लेख, रचना पठाउनका लागि,

फोन : ०८६-५९०४३६ मा सम्पर्क गर्न सकिनेछ।
mail :jhulenipyuthan@gmail.com

## हार्दिक मंगलमय शुभकामना



नेपालीहरुको महान चाड विजयादशमी २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, समाजसेवी, शिक्षा प्रेमी अभिभावक, शिक्षक, विद्यार्थीहरुमा सुख, शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**सुरेन्द्र हमाल ठकुरी**
**प्रिन्सिपल**

**भुपेन्द्रराज गौतम**
**अध्यक्ष**

एवं
**पब्लिक इङलिस बोर्डिङ स्कुल**
**दाखाक्वाडी, प्यूठान**

## नगरपालिकाबासीलाई अनुरोध

- विपदले अपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाको लागि सहयोग गरौं,
- भौगलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौ
- उद्दार,राहत , पुर्नस्थापना , पुनर्लाभ  सहभागी बनौं ।

अनुरोधक :
**स्वर्गद्वारी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय भिंगृ, प्यूठान**

## चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं ।

मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन :०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : हाम्रो एकता प्रकाशन गृह, जुम्री ,प्यूठान